मोफसलको लोकप्रिय राष्ट्रिय दैनिक

नवतिलोत्तमा

बुटवल 94.4 mhz एफ.एम.

ग्राहक महानुभावहरुमा अनुरोध

- नियमित पत्रिका नआएमा।
- विज्ञापनहरु दिनु परेमा।
- ग्राहक बन्नु परेमा।
- समयमा पत्रिका प्राप्त न भएमा।

नवतिलोत्तमा

बुटवल-१० कालिकानगर, रुपन्देही
फोन: ०७१-४३८५७४

वर्ष २१ | अंक ०२ | ०८३ कार्तिक १७ गते मंगलबार | (2026 Nov. 03 Tuesday) | पृष्ठ संख्या ४ | मुल्य रू. १०

सरकार अधिनायकवादतर्फ उन्मुख भयोः पोखरेल



बुटवल, कार्तिक १६ । नेकपा एमालेका महासचिव शंकर पोखरेलले सरकारका पछिल्ला गतिविधिले लोकतन्त्र, प्रेस स्वतन्त्रता र नागरिक अधिकारमाथि नियन्त्रण गर्ने प्रयास भएको आरोप लगाउनु भएको छ। उहाँले मुलुकलाई स्वेच्छाचारितार अधिनायकवादतर्फ धकेल्ने जोखिम बढेको भन्दै सरकारको कार्यशैलीप्रति प्रश्न उठाउनु भयो ।

प्रेस चौतारी नेपाल रुपन्देहीले सोमबार बुटवलमा आयोजना गरेको कार्यक्रममा पोखरेलले राज्यका संवैधानिक निकाय, सुरक्षा अङ्ग, राजनीतिक दल, सञ्चारमाध्यम र नागरिक समाजमा सरकारप्रति संशय र असन्तुष्टि बढ्दै गएको जिकिर गर्नुभयो । उहाँले सरकार संविधान र कानुनी सीमाभित्र नरहेको हो कि भन्ने आशंका बढेको टिप्पणी गर्दै लोकतान्त्रिक व्यवस्थाको रक्षाका लागि राजनीतिक दलहरू एकजुट हुनुपर्ने बताउनु भयो ।

उहाँले भन्नुभयो- 'सरकार छ, सुरक्षा अङ्गहरू छन्, संवैधानिक निकाय छन्, संसद् छ र राजनीतिक दलहरू पनि छन् तर सबै क्षेत्रमा संशय र चिन्ता बढेको छ, सरकार स्वयं बाह्य शक्तिहरूको खेलौना बनेको हो कि भन्ने आशंका उत्पन्न भएको छ ।पोखरेलले सरकारले नागरिकको सङ्गठित हुने र विचार अभिव्यक्त गर्ने संवैधानिक अधिकारमाथि नियन्त्रण गर्न खोजेको आरोप लगाउनुभयो ।

सञ्चारमाध्यममा कार्यरत पत्रकारलाई पक्राउ गर्नु गैरकानुनी र गैरसंवैधानिक भएको टिप्पणी गर्दै महासचिव पोखरेलले प्रधानमन्त्रीका प्रमुख सल्लाहकारले पत्रकारलाई लक्षित गरी दिएको अभिव्यक्तिप्रति आपत्ति जनाउनु भयो ।उहाँले सरकारले राज्यका विभिन्न अङ्गलाई कार्यकारीको अधीनमा राख्न खोजेको आशंका पनि व्यक्त गर्नुभयो ।

सरकारको कार्यशैलीसँगै मुलुकको आर्थिक अवस्थाप्रति पनि उहाँले चिन्ता व्यक्त गर्नुभएको छ।

लगानीको वातावरण बन्न नसकेको, पुँजी पलायन भइरहेको, महँगी बढेको र निजी क्षेत्र लगानी गर्न निरुत्साहित भएको उहाँको जिकिर छ । विपद्का बेला नागरिकले राज्यको उपस्थिति महसुस गर्न नसकेको उल्लेख गर्दै उहाँले विगतका भूकम्प, कोभिड महामारीलगायत सङ्कटका समयमा राज्यले निर्वाह गरेको भूमिकासँग वर्तमान अवस्थाको तुलना गर्नुभयो ।

पोखरेलले सरकारलाई संविधान र कानुनको बाटोमा हिँडाउन नेकपा एमाले, नेपाली काग्रेस र नेपाली कम्युनिस्ट पार्टीलगायत संविधान निर्माण तथा लोकतान्त्रिक आन्दोलनमा भूमिका खेलेका दलहरूबीच सहकार्य आवश्यक रहेको बताउनु भयो ।

लुम्बिनी प्रदेशमा मुख्यमन्त्री परिवर्तनको विषयमा पत्रकारहरूले राखेको जिज्ञासामा बोल्दै सरकार परिवर्तनको चर्चाले राजनीतिक अस्थिरता बढाउने भएकाले त्यसमा अनावश्यक बहस गर्न नहुने बताउनु भयो । राज्यका जिम्मेवार निकायले एक अर्कालाई दोषारोपण गर्ने प्रवृत्ति अन्त्य गरी घटनाको वास्तविकता सार्वजनिक गर्नुपर्ने उहाँको भनाइ थियो।

संसद बैठक बोलाउन दलहरुको आग्रह

पत्रकार पक्राउको विषयमा विशेष समिति गठन गर्न माग



काठमाण्डौं, कार्तिक १६ ।
प्रतिपक्षी दलहरूले सरकारसँग यथाशीघ्र संसद् बैठक आह्वान गर्न माग गरेका छन् ।नेपाली कांग्रेसको आह्वानमा सोमबार काठमाण्डौंमा बसेको प्रतिपक्षी दलहरूको बैठकले सरकारसँग तत्काल संसद् बैठक आह्वान गर्न माग गरेका हुन् ।बैठकमा सहभागी नेपाल कम्युनिस्ट पार्टीका नेता प्रमेश हमालले बैठकबाट दलहरूले सरकारसँग संसद् बैठक आह्वान गर्न माग गरेका जानकारी दिनुभयो ।संसद् बैठक आह्वान गरेर जनताका विषयहरु, राष्ट्रियताका विषयहरू, लोकतन्त्रका विषयहरू र संविधान माथि उठेका कतिपय प्रश्नको बारेमा गम्भीर रुपमा छलफल गर्नुपर्ने निर्णय गरिएको हमालले जानकारी दिनुभयो ।

नेता हमालले बैठकमा सामसायिमक राजनीतिक विषयमा गंभीर छलफल गरेको बताउँदै छलफलले नेपालको राजनीतिक वृत्तमा गम्भीर समस्याहरु देखिएको महसुस भएको छ भन्नुभयो ।

उता नेपाली कांग्रेसले पत्रकार पक्राउ तथा प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेपको निष्पक्ष छानबिन गर्न संसदीय विशेष समिति गठन गर्न माग गरेको छ ।

सिंहदरबारमा बसेको कांग्रेस संसदीय दलको बैठकले पक्राउ पुर्जीविना समाचार कक्षमै प्रहरी परिचालन गरिनु स्वेच्छाचारिता र विधिको शासन विपरीत भएको निष्कर्ष निकालेको हो ।

बैठकपछि निर्णय सुनाउँदै संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले सरकारका विवादित गतिविधिले संवैधानिक संस्था र लोकतान्त्रिक मूल्यमाथि प्रश्न उठाएको बताउनुभयो । समाचार कक्षमै प्रहरी परिचालन गरिनु स्वतन्त्र पत्रकारितामाथिको अनुचित दबाव रहेकोले यसको जवाफ सरकारले दिनुपर्ने उहाँको भनाइ छ ।

कार्यकारी प्रमुख, न्यायालय र प्रहरीसमेत बिचौलिया प्रकरणमा मुछिएकाले निष्पक्ष छानबिनका लागि तत्काल संसद् बैठक आह्वान गर्नुपर्ने कांग्रेसको जोड छ ।

कांग्रेस महामन्त्री प्रदीप पौडेलले सरकार आफैं बिचौलिया प्रकरणमा जोडिएकाले सरकार एक्लैले निष्पक्ष छानबिन गर्न नसक्ने बताउनुभयो । उहाँले शाहीकालमा भन्दा धेरै प्रेसमाथि हस्तक्षेप भएको आरोपसमेत लगाउनुभयो ।

प्रेस युनियन रुपन्देहीद्वारा शुभकामना आदानप्रदान

'लोकतन्त्र स्थापनामा पत्रकारको भूमिका महत्वपूर्ण'



बुटवल, कार्तिक १६ । नेपाल प्रेस युनियन रुपन्देहीले नेपालीहरूको महान् पर्व शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ ।

सोमबार बुटवलमा आयोजना गरिएको शुभकामना कार्यक्रमको उदघाटन गर्दै प्रमुख अतिथि नेपाली काँग्रेस केन्द्रीय सदस्य बालकुमारी भण्डारीले लोकतन्त्रको रक्षा र नागरिक अधिकारको संरक्षणमा पत्रकारिताको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो । उहाँले पत्रकारले जनताका आवाज र सवाललाई उजागर गर्दै राज्यलाई जबाफदेही बनाउन योगदान दिएको उल्लेख गर्दै पत्रकारको हकहित, व्यावसायिक सुरक्षा र प्रेस स्वतन्त्रताको पक्षमा पार्टीले सधैं सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रमका विशिष्ट अतिथि नेपाली काँग्रेस रुपन्देहीका सभापति एवं तिलोत्तमा नगरपालिकाका नगरप्रमुख रामकृष्ण खाणले प्रेस स्वतन्त्रतामाथि हुने कुनै पनि हस्तक्षेप स्वीकार्य नहुने बताउनुभयो ।

उहाँले पछिल्लो समय सरकारबाट प्रेस तथा पत्रकारमाथि भएका व्यवहार र गतिविधिप्रति असन्तुष्टि जनाउँदै लोकतन्त्र कायम राख्न स्वतन्त्र प्रेस आवश्यक रहेको उल्लेख गर्नुभयो। विशिष्ट अतिथि खाँणले पत्रकारको अधिकार र निर्भीक पत्रकारिताको संरक्षणमा नेपाली काँग्रेस सधैं साथमा रहने बताउनु भयो ।

कार्यक्रममा नेपाली काँग्रेसका वडा, क्षेत्र, जिल्ला, प्रदेश तथा केन्द्रका विभिन्न तहका नेता तथा महाधिवेशन प्रतिनिधिहरूको सहभागिता रहेको थियो । त्यसै गरी नेपाल पत्रकार महासंघका जिल्ला, प्रदेश र केन्द्रका पदाधिकारी एवं सदस्यहरू, नेपाल प्रेस युनियनका केन्द्र, प्रदेश तथा जिल्ला तहका प्रतिनिधि, संस्थापक, पूर्व अध्यक्ष, अग्रज तथा वरिष्ठ पत्रकार,पत्रकार र युनियनका सदस्यहरूको उपस्थिति रहेको थियो ।

पत्रकार सम्बद्ध संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधि, उद्योगी व्यवसायी, सामाजिक संघसंस्थाका प्रमुख एवं प्रतिनिधिहरूको समेत सहभागिता रहेको कार्यक्रममा पत्रकारिता, लोकतन्त्र र प्रेस स्वतन्त्रतासँग सम्बन्धित विषयमा चर्चा गर्दै शुभकामना आदान-प्रदान गरिएको थियो ।

कार्यक्रममा सहभागीलाई धन्यवाद (बाँकी ३ पेजमा...)

गोर्खा भर्ती खुलाउन माग गर्दै प्रदर्शन

काठमाण्डौं, कार्तिक १६ ।
काठमाडौंमा अखिल नेपाल भारतीय पूर्व सैनिक कल्याणकारी संघले विभिन्न माग राख्दै शान्तिपूर्ण आन्दोलन गरेको छ ।
संघले भारतीय गोर्खा सेनामा नेपाली युवाको भर्ती प्रक्रिया पुनः सुरु गर्न र त्यसका लागि भर्ती सम्बन्धी सूचना सार्वजनिक गर्न माग गरेको छ ।साथै, बेरोजगार नेपाली युवालाई रोजगारीको व्यवस्था गर्न तथा पूर्व गोर्खा सैनिकका संस्था र संगठनको दर्ता एवं नवीकरण सहज बनाउन पनि माग गरेको छ ।
च्यालीमा सहभागीहरूले भारतीय सेनामा गोर्खा भर्ती पुनः सुरु गर्न आवश्यक प्रक्रिया अघि बढाउँदै भर्ती सम्बन्धी सूचना जारी गर्न पनि माग गरेका छन् ।भारतले सन् २०२२ मा अग्निपथ योजना लागू गरेपछि नेपाली युवाको भारतीय सेनामा भर्ती प्रक्रिया रोकिएको छ ।

नयाँ योजना अन्तर्गत चार वर्षका लागि अग्निवीर भर्ना गर्ने व्यवस्था छ ।
यस विषयमा नेपाल र भारतबीच सहमति हुन नसक्दा भर्ती प्रक्रिया पुनः सुरु हुन सकेको छैन ।



सम्पादकीय

मानव तस्करी नियन्त्रण र चुनौति

नयाँ होइन- नेपालबाट भारत हुँदै तेश्रो देशमा नेपाली चेलीबेटी बेचबिखन हुने परम्परा । वास्तवमा यो परम्परा नै बनिसकेको छ । हरेक दिन नभएपनि हरेक साता नेपाली यही सुन्नुपरिरहेको छ- नेपालबाट मानव तस्करी भैरहेको घटना । दुई महिना अघिमात्रै पनि भारतको दिल्ली पुऱ्याइएका नेपालीलाई भारतीय प्रहरीको सहयोगमा नेपाल फर्काइएको छ । यसमा महिला तथा पुरुषहरुको उल्लेख्य सहभागिता थियो । यो एक उदाहरणमात्रै हो । वैदेशिक रोजगारीको प्रलोभनमा मानव तस्करले बेचबिखनको डरलाग्दो काम गर्दै आएका छन् । उद्धार गरिएका मध्ये अधिकांश सिन्धुपाल्चोक र मकवानपुरका छन् भने अन्य नुवाकोट, चितवन, तेह्रथुम, धनकुटा र झापाका भएको बताइएको छ । खासगरि उनीहरुलाई भारतका विभिन्न सहरमा विक्री गरि बेश्यालय पठाउने योजना रहेपनि त्यो पूरा हुन पाएन । अर्कोतर्फ त्यहाँबाट समेत तेश्रो देश पठाउने योजना रहेको यसअघिको धेरै घटनाले पुष्टी गरेको छ । भारत पुऱ्याइएकाहरुमध्ये कतिपयलाई त्यहींबाट तेश्रो मुलुक पठाउने गरिएको छ । यसअघि सरकारले खाडी मुलुकमा महिला कामदार पठाउन रोक लगाएपछि दलालले सीमानाका हुँदै तेस्रो मुलुकसम्मको पहुँच बढाएका थिए । प्रहरीका अनुसार भारतबाट उद्धार गरि नेपाल फकाईएका महिलालाई भैरहवा, नेपालगन्ज, सुनौली र रक्सौल नाका हुँदै दिल्ली पुऱ्याउने गरिएको अवस्था छ । विगतमा खाडी मुलुक पुगिसकेकाहरू पनि यसरी दलालको प्रलोभनमा पर्नु चेतनास्तर निकै कमजोर रहेको पुष्टि हुन्छ । कतिपय महिला भने खाडी मुलुकको प्रलोभनमा भारतीय बेश्यालयमा पुग्ने गरेको सरोकारवाला निकायका प्रतिनिधि बताउँछन् । पछिल्लो समयमा अन्य नाकाका अतिरिक्त दलालको रोजाइमा रुपन्देहीको बेलहिया नाका, नेपालगन्ज र बर्दियाको बलैगाउँ बढी प्रयोग हुन थालेको प्रहरीको ठहर छ । मानव बेचविखन सहित अन्य गतिविधि नियन्त्रणका लागि सीमा क्षेत्रमा सुरक्षा निकाय र अन्य संघ-संस्थाले निगरानी जारी राखे पनि दलालको चतुर्याइँ निकै बढेको छ । सीमा क्षेत्रबाट किनमेलको बहाना बनाएर दलालले नाका कटाउने गरेकाले प्रलोभनमा परेकाहरूलाई पहिचान गर्न गाह्रो भएको माइती नेपाल र अन्य संघ-संस्थाका अधिकारी बताउँछन् । यसरी दलालले आफ्ना गतिविधि सक्रिय बनाईरहेका बेला सञ्चारसहित अन्य स्रोत साधन सम्पन्न नेपाल-भारत दुवैतर्फका सुरक्षा निकायबीचको गतिलो समन्वय आवश्यक देखिएको छ । यससँगै माइती नेपालसहित अन्य संघ-संस्थाले थप निगरानी बढाउनु जरुरी छ । होइन भने नेपाली चेली बेचिनेक्रमको निरन्तरता भैरहने छ ।

सामाजिक सञ्जाल: नवयुगको नयाँ हतियार



कृष्ण उपाध्याय

सामाजिक सञ्जाललाई नवयुगको शक्तिशाली हतियारको रूपमा बुझ्न सकिन्छ, जसले मानिसको सूचना, धारणा, भावना र सामूहिक व्यवहारलाई तत्काल प्रभावित पार्न सक्दछ । नेपालले २०८२ भदौ २४ को राष्ट्रिय विध्वंसमा सामाजिक सञ्जालको माध्यमबाट भीडलाई कसरी जोड्न, परिचालन गर्न र विध्वंससम्म पुऱ्याउन सकिन्छ भन्ने भयावह पक्षको अनुभव गऱ्यो । सामाजिक सञ्जाल आफैंमा खराब नभए पनि यसको दुरुपयोगको सम्भावना र विनाशकारी गतिले यसलाई हतियारको रूपमा परिभाषित गर्छ, जसको समाधान बन्देज नभई नियमन, डिजिटल साक्षरता र प्लेटफर्मको जवाफदेहितामा छ । मानव सभ्यताको इतिहास आविष्कारको मात्र इतिहास होइन। यो शक्ति रूपान्तरणको इतिहास पनि हो । कुनै समय राज्यको शक्ति-सामर्थ्य भूगोल, सेना र उपलब्ध हतियारको संख्याले मापन गरिन्थ्यो । औद्योगिक युगले शक्तिको मापनमा उत्पादन, अर्थतन्त्र र प्रविधिलाई जोड्यो। आणविक युगले युद्धको विनाशकारी रूप देखाइदियो । एउटा हतियारले विशाल सेना र लामो युद्धबिना नै एउटा सहरलाई तहसनहस पार्न सक्छ भन्ने भयावह उदाहरण सन् १९४५ मा जापानको हिरोसिमा र नागासाकीमा देखायो। आजको डिजिटल युगले विश्व शक्तिलाई अर्को तहमा पुऱ्याएको छ । एउटा मोबाइलको पर्दाबाट केही सेकेन्डमै हजारौं-लाखौं मानिससम्म पुग्न सकिन्छ । एउटा सामग्रीले धारणा बदल्न सक्छ, एउटा अभियानले भीड संगठित गर्न सक्छ, एउटा झुटो दाबीले मानिसको प्रतिष्ठामाथि प्रहार गर्न सक्छ र एउटा उत्तेजक सन्देशले वास्तविक जीवनमा तनाव जन्माउन सक्छ। सामाजिक सञ्जाल शाब्दिक अर्थमा बन्दुक वा बम होइन । तर मानिसको सूचना, धारणा, भावना र सामूहिक व्यवहारलाई तत्काल प्रभावित पार्न सक्ने यसको क्षमतालाई हेर्दा यसलाई नवयुगको शक्तिशाली हतियारको स्वरूपमा बुझ्नु अस्वाभाविक हुँदैन । किनकि शक्ति सधैं हातमा बोकिने हतियारमा मात्र हुँदैन । हातमा बोकिने मोबाइलमा पनि हुन्छ, जसबाट अरूको निर्णय, व्यवहार र परिस्थितिलाई प्रभावित पार्न सकिन्छ। पुरानो युद्धको निशानामा मानव शरीर हुन्थ्यो । आधुनिक युद्धले पूर्वाधार, अर्थतन्त्र र सञ्चार प्रणालीलाई निशानामा राख्यो । डिजिटल युगले युद्ध प्रभावको अर्को क्षेत्र खोलिदिएको छ- मानिसको धारणा र सामूहिक चेतनाको क्षेत्र । कसले के देख्छ, के विश्वास गर्छ, केप्रति आक्रोशित हुन्छ, कुन मुद्दामा संगठित हुन्छ र कसरी निर्णय गर्छ भन्ने प्रक्रियामा डिजिटल सञ्जालले प्रभाव पार्न थालेको छ। अहिले कहिलेकाहीं प्रश्न उठाइन्छ मानिसले सामाजिक सञ्जाल चलाइरहेको छ कि सामाजिक सञ्जालले मानिसको ध्यान, समय र प्रतिक्रियालाई चलाइरहेको छ ? हो, मोबाइलको पर्दामा चलिरहेका औंलाहरूले अदृश्य रूपमा मानव मस्तिष्कलाई प्रभावित गरिरहेका छन् । त्यही माध्यमबाट अभद्र टिप्पणी, अश्लील गाली, अफवाह र डिजिटल चरित्रहत्या जस्ता प्रवृत्तिले सामाजिक एकता, मर्यादा र प्रतिष्ठामाथि प्रहार गर्न थालेका छन् ।

सडकमा देखिएको भीडलाई सामाजिक सञ्जालको पर्दाबाट कसरी जोड्न, परिचालन गर्न र अन्ततः वास्तविक विध्वंससम्म पुऱ्याउन सकिन्छ भन्ने डिजिटल शक्तिको भयावह पक्ष नेपालले यस घटनामार्फत प्रत्यक्ष अनुभव गऱ्यो । सामाजिक सञ्जाल किन नवयुगको शक्तिशाली हतियार हो ? यसको उदाहरण २०८२ भदौ २४ को राष्ट्रिय विध्वंसमा देख्न सकिन्छ । राणाशासनको अन्त्यदेखि प्रजातन्त्र, बहुदलीय व्यवस्था र लोकतान्त्रिक गणतन्त्र स्थापनासम्मका ठूला राजनीतिक परिवर्तन देखेको यो देशले दशवर्षे जनयुद्धसमेत खेप्यो । ती घटनामा खासै निशानमा नपरेका सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत, राष्ट्रपति भवन, सरकारी कार्यालय, बैंक, सञ्चार संस्था, व्यापारिक प्रतिष्ठान, राजनीतिक दलका मुख्यालय हुँदै निजी सम्पत्तिसमेत त्यो दिन विध्वंसको निशानामा परे । कतिपय संरचना क्षणभरमै खरानीमा परिणत भए ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा प्रकाशित रिपोर्टहरूमा डिस्कोर्डजस्ता डिजिटल मञ्चमार्फत सूचना आदानप्रदान, समन्वय र परिचालन गरिएको उल्लेख गरिएको छ। राष्ट्रिय मानव अधिकार आयोगको अनुसन्धान प्रतिवेदनले पनि भदौ २३ गतेको घटनामा मानव अधिकार उल्लङ्घन भएको र भदौ २४ गतेका घटनालाई पूर्वयोजनाअनुसार संगठित रूपमा भएका आपराधिक कार्यका रूपमा व्याख्या गर्दै संलग्नता देखिएका व्यक्ति तथा सम्बन्धित अधिकारीमाथि थप अनुसन्धान र कानुनी कारबाही गर्न सरकारलाई सिफारिस गरेको थियो । सडकमा देखिएको भीडलाई सामाजिक सञ्जालको पर्दाबाट कसरी जोड्न, परिचालन गर्न र अन्ततः वास्तविक विध्वंससम्म पुऱ्याउन सकिन्छ भन्ने डिजिटल शक्तिको भयावह पक्ष नेपालले यस घटनामार्फत प्रत्यक्ष अनुभव गऱ्यो । तर यस घटनालाई भदौ २३ गतेको जेनजी आन्दोलनको स्वाभाविक परिणाम भनेर मात्र बुझ्नु घटनाको सरलीकरण गरेको ठहरिन्छ । तत्कालीन सरकारविरुद्ध भ्रष्टाचार, अनियमितता, बेरोजगारी र शासनशैलीप्रति असन्तुष्टिहरू थिए । सरकारको सामाजिक सञ्जाल प्रतिबन्ध र आन्दोलनकारीमाथिको क्रूर दमनले त्यो आक्रोशलाई झन भड्कायो ।

नवयुवाले उठाएका प्रश्न आफ्ने ठाउँमा महत्वपूर्ण थिए । आन्दोलनको गति र त्यसले निम्त्याउन सक्ने क्षतिको आकलन गरी सुरक्षाको पर्याप्त पूर्वतयारी गर्न नसक्नु, आन्दोलन नियन्त्रणमा प्रभावकारी रणनीति अपनाउन नसक्नु र बल प्रयोगतर्फ जानु सरकारका गम्भीर कमजोरीका रूपमा लिनुपर्छ । तर आन्दोलनका प्रश्नको सम्मान र हिंसात्मक विध्वंसको अस्वीकार एकअर्काका विरोधी विषय होइनन् । वैध मागलाई स्वीकार गर्नुपर्छ, तर आन्दोलनका नाममा सार्वजनिक वा निजी सम्पत्तिमाथि भएको हिंसालाई वैधता दिन सकिँदैन । यही विभाजन नछुट्याउँदा आन्दोलनको उद्देश्य र त्यसको विकृत रूप एउटै देखिन सक्छ । डिजिटल प्रविधिले सूचना र विचारको प्रवाहलाई तीव्र बनाउँदै वास्तविक जीवनमा हिंसा, मानवीय क्षति र भौतिक विनाशसम्म पुर्याएको अनुभव नेपालले मात्र गरेको छैन। संसारका विभिन्न घटनाक्रममा भएका अनुसन्धान र प्रतिवेदनहरूले सामाजिक

(बाँकी ३ पेजमा...)

सैद्धान्तिक विचलनमा दलहरु



सादेशमणि पोखरेल

भारतीय चर्चित अभिनेता नवाजुद्दिन सिद्दिकीको 'दी सेक्रेड गेम्स' वेभसिरिजमा एक गज्जबको डाइलग छ, 'अपुन हि भगवान् हे। अर्थात्, म नै भगवान् हो।' सिरिजमा शक्तिको उन्मादमा पुगेका एक हिंस्रक पात्र सिद्दिकीको एक मात्र विकल्प हुन्छ 'डु अर डाइ' (गर या मर)। मादक शक्ति अभ्यासको चरम बिन्दुमा पुगेका पात्र सिद्दिकीको भगवानीय अवतार स्खलन तब हुन्छ , जब वैकल्पिक शक्तिको निर्माण हुन्छ त्यो पनि छोटो कालखण्डमा। जसको भूमिका नायक सैफ अलि खानले गर्न थाल्छन्। माथि भनिएजस्तै विद्यमान शक्ति वैकल्पिक शक्तिसामु कतिपय क्षणमा क्षीण भइदिन्छ। यसै प्रकारको भय नेपाली दलहरूमाझ वालेन र रवि फ्याक्टरले पारेको देखिन्छ , नेपाली डायस्पोरामा । माथि वालेन फ्याक्टर मौन छ तर सञ्जालिय जनमत सहितको छ । रवि फ्याक्टर बोलक्कड, बेगिलो देखिन्छ तर उ टेस्टेड (परिक्षित) छ। वालेन फ्याक्टर नव युवाहरूको एक ट्रेण्ड (प्रवृत्ति) हो भने रवि फ्याक्टर बिदेसिएका युवा जमातको फेसन हो । लाग्छ, वालेन ट्रेन्ड अबको केही समयमा एक अंकुश शक्तिको पर्याय वन्न सक्छन्, फिलिपिनी नेता फर्डिनान्ड मार्कोस जस्तै । स्वतन्त्र अस्तित्व भएका फ्याक्टरका विशेषता फरक हुनु पनि एक प्रजातान्त्रिक मर्म पनि हो । काण्ड सबै दलका पर्याय र ब्रान्ड भएजस्तै नेपाली जनताको पर्याय सहनशीलता हो। फ्याक्टर्स तब बलिया हुन्छन् तब, उग्रराष्ट्रवादको नारा कम बहन थाल्छ, दोस्रो विश्वयुद्धमा एक्सीस पावर (धुरी शक्ति) मा रहेका जर्मन, इटाली र जापानले गरेजस्तै । यसै कारण पनि हिटलरको पतन भएको विश्वास गरिन्छ । नेपाली दलका दलदलमा फस्न नेपाली युवा जमातको मोह छैन । युवाले राजनीतिलाई कि त पेसा कि त भ्रष्टाचारको ब्युह मान्द छन् हिजाआज । नेपाली राजनीतिका वादलाई प्रतिवाद गर्ने, जमात बरु पब्जी र फ्रि फायरमा रम्दछ विदेश मोहको चेतना नपलाउँदासम्म। के सैद्धान्तिक बिचलन नेपाली दलका दण्डहीनताका उपज हैनन र ? तैपनी दलीय उदण्डताका पराकाष्टा अझसम्म पनि कम भएको अनुभव गर्न सकिएको छैन । भनिन्छ, दीप झन् प्रगाढ बन्छ जब उसको अन्त्य पक्का छ। प्रगाढताको तय त्यहाँ रहेको ऊर्जा (तेल) ले गर्छ, खै त ग्राउन्ड लेवलमा ऊर्जाको परिमाण ? कतै नेपालको शासकीय स्वरूपले पनि यही त खोजिरहेको छैन ? ऊर्जाको घनिभूतता र प्रखरताको मात्रामा बढोत्तरी गराउने वास्तविक जनमानसको अभावको राम्रै मोल मुलुकले भविष्यमा चुकाउनुपर्ने लगभग निश्चित प्रायः छ ।

माथि उल्लेख भएजस्तै सन्दर्भकृत रूपमा लेखाजोखा गर्दा अपुन हि भगवान् हे को प्रवृत्तिको छिनोफानोको समय निम्तनबेर लाग्दैन जब नेपाली दलहरूले विद्यमान राजनैतिक सिद्धान्तमाथी क्षयीकरणको गर्न थाल्द छन् वा सिद्धान्तको नजरअन्दाज स्वतः हुन थाल्द छ, जुन प्रवृत्तिको सुरुवातको हिजाआज आभाष महसुस हुँदै छ । अब नेपाली दलमा आत्मिक क्षयीकरणको हिसाव लगभग बेगिलो बन्दै छ। के यो सैद्धान्तिक बिचलनको मुद्दा अम्भरिलो बन्दै जानु स्वाभाविक हो र ? कि यो बिचलनको हिस्साको भागिदार हामी स्वयं पनि बन्दै छौ ? यसर्थ पनि हरेक समूह वा पंक्तिको सामूहिकतालाई एकीकृत गर्ने आधारशीलाका रूपमा सिद्धान्त स्वयं पनि एक गतिलो आयाम हुनसक्छ, दुरगामी दलको। दुरगामिता वा दिगोपना हरेक व्यक्ति वा समूहको फस्टाउने औषधिसमेत होभन्दा फरक नपर्ला । बिचलनको मोह कसैको पनि चाहना होइन, तर क्याटलिस्ट (प्रतिक्रिया कम वा बढी गर्ने वा उत्प्रेरक) को रूपमा स्वतः देखापर्ने एक असबाब हो , जसको ग्रहणशीलता हामी स्वयंमा भर पर्ने कुरा हुनसक्छ । ग्रहणशीलतको दायरामा घटी बढी, त्यो व्यक्ति वा दल आफैमा भर पर्ने कुरा हो। ग्रहणशीलता यस मानेमा कि सन् २०१० पश्चात् शेख हसिनाले वंगलादेशमा जमात ए इस्लामी (एक बंगलादेशी दल) लाई डेमो दिन (देखाउन) पनि युद्ध अपराध र धर्म निरपेक्षताको अभ्यास गरेको बुझ्न सकिन्छ। विश्व राजनीतिमा प्रतिपक्ष लक्षित डेमो स्वाभाविक हो। धर्म केन्द्रित मात्र हैन, अन्य राष्ट्रिय राजनीतिक सुधार र विषयवस्तुमा नेपाली सत्तासीन दलहरू पनि डेमो केन्द्रित गतिविधिमा सक्रिय नबन्दा गज्जब हुन सक्थ्यो। विश्व भूराजनैतिक परिवेसमा अनुकूल सिद्धान्त सबै शक्तिका मुल मन्त्र हुन्। चाहे त्यो विकसित मुलुकमा होस्, विकासोन्मुख मुलुकमा होस् वा अतिकम विकसित मुलुकमा होस। अमेरिकी प्रमुख दल रिपब्लिकन पार्टीको प्रमुख राजनीतिक सिद्धान्त भनेको राज्यको कर प्रणालीमा सुधार, वित्तीय स्वतन्त्रतामा अनुकूलता, सरकारद्वारा प्रयोजित समाज सुधार कार्यक्रम, श्रमिकको दुरगामी हकहित जस्ता कुराजस्ता छन भने अर्को प्रमुख दल रिपब्लिकनको राजनीतिक सिद्धान्तमा आधुनिक उदारवाद, नागरिकका अधिकारमा थप सुनिश्चितता, विकेन्द्रीकरणका आयाममा थप सुधार, कूटनीतिको दायरामा अभिवृद्धि जस्ता कुराहरू छन् । माथि उल्लिखित विषयवस्तुमाथि घनिभूत छलफल पश्चात मात्र थप घोषणपत्रमा काम हुन्छ । जहाँ सिद्धान्तहरू निर्मल र यथार्थमा आधारित हुन्छन् । नेपाली दलकै सिद्धान्तका कुरा गर्दा सिद्धान्तहरू क्लिष्ट छन्, कतिपयका सिद्धान्त लिगेसीमा (विरासत) आधारित छन्

(बाँकी ३ पेजमा...)

अन्तर्राष्ट्रिय समाचार

फ्लोरिडामा निजी विमान दुर्घटना

फ्लोरिडा, कार्तिक १६ (एपी)। अमेरिकाको फ्लोरिडा राज्यमा भएको निजी विमान दुर्घटना हुँदा ९ जनाको ज्यान गएको छ । दुर्घटनामा विमानमा रहेका सबै ९ जनाको ज्यान गएको बीबीसीले जनाएको छ। त्यहाँको संघीय उड्डयन प्रशासन (एफएए) का अनुसार दुर्घटनाग्रस्त लियरजेट-६० विमान टेक्सासको अस्टिनबाट उडेर बहामास जाने क्रममा दुर्घटनामा परेको थियो । स्थानीय समयअनुसार हिजो दिउँसो १२ बजेर ५० मिनेटमा पाम बिच काउन्टीको क्रेस्टहेभन क्षेत्रनजिक विमान दुर्घटनाग्रस्त भएको हो ।

दुर्घटनापछि विमान खसेको ठाउँमा ठूलो खाल्डो बनेको थियो भने सडकमा आगो, धुवाँ, कङ्क्रिटका टुक्रा र विमानका अवशेष छरिएका थिए । दुर्घटनाको समयमा त्यस क्षेत्रमा मेघगर्जनसहित वर्षा भइरहेको भनिए पनि खराब मौसम नै दुर्घटनाको कारण हो वा होइन भन्नेबारे पुष्टि नभएको खबरमा उल्लेख छ ।

नेपालगन्ज–लखनउ रेल सञ्चालन गर्न माग

बाँके, कात्तिक १६ । बाँकेको सीमापारिको रुपैडिहामा रहेको नेपालगन्ज रोड रेल स्टेसनबाट लखनउका लागि सिधा रेलसेवा सञ्चालन गर्न तथा अयोध्या र बनारसका लागि छुट्ने रेलको समय परिवर्तन गर्न नेपाल र भारत दुवै देशका नागरिकले माग गरेका छन् । लामो प्रतीक्षापछि मिटरगेजबाट ब्राडगेजमा स्तरोन्नति भई रुपैडिहादेखि गोन्डासम्मको रेलसेवा सुचारु गरिएपछि नेपाल र भारतका नागरिकलाई अति आवश्यक पर्ने लखनउसम्म रेल सञ्चालन गर्नुपर्ने तथा बिहान ४ बजे अयोध्या हुँदै बनारसका लागि छुट्ने रेलको समय परिवर्तन गर्नुपर्ने माग गरिएको हो । दैनिक रेलयात्री सङ्घ भारत रुपैडिहाका अध्यक्ष जाफर इमाम रिजवी र नेपालगन्जका अगुवा तथा व्यवसायीले सीमावर्ती क्षेत्रका नेपाल र भारत दुवै देशका यात्रुलाई आवागमनमा सहज बनाउन रेलसेवा विस्तार तथा समय परिवर्तन गर्न माग गर्नुभएको छ । दैनिक रेलयात्री सङ्घका अध्यक्ष रिजवीले दुवै देशका नागरिकको मागलाई समेटेर भारतको रेल मन्त्रालय, पूर्वोत्तर रेलवेका महाप्रबन्धक र बहराइच जिल्लाका सांसदलाई पत्र पठाएर नेपालगन्ज रोडबाट लखनउसम्म सिधा रेल सञ्चालनलगायतको माग गरिएको बताउनुभयो । उहाँले स्वास्थ्य उपचारलगायत अन्य विभिन्न व्यावसायिक कामले नेपाल र भारत दुवै देशका सीमावर्ती क्षेत्रका नागरिकलाई लखनउ जानुपर्ने बाध्यता रहेकाले एउटा रेल रुपैडिहाबाट सिधा लखनउका लागि अति आवश्यक भएकाले सो माग गरिएको बताउनुभयो । सोही प्रकारले हाल सञ्चालनमा रहेको नेपालगन्जदेखि अयोध्या हुँदै गोरखपुर र बनारसम्मको रेल छुट्ने समय बिहान ४ बजे राखिएकाले भगवान् राममन्दिरमा दर्शन गर्न अयोध्या जाने नेपाली नागरिक वञ्चित भएको अध्यक्ष रिजवीले बताउनुभयो । बिहान ६ बजे मात्र सीमानाका खुल्ने भएकाले ४ बजे नेपाली रुपैडिहा पुग्न नसक्ने अवस्था छ । गत अगस्त ३० मा उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ र केन्द्रीय रेलमन्त्री अश्विनी वैष्णवले नेपालगन्ज रोडबाट रेलसेवाको शुभारम्भ गर्नुभएको थियो तर लखनउका लागि सिधा रेलसेवा नहुँदा सीमावर्ती क्षेत्रका यात्रुले अझै पनि सास्ती खेप्नु परेको छ ।

प्रेस युनियन.....

ज्ञापन गर्दै कार्यक्रमका अध्यक्ष एवं नेपाल प्रेस युनियन रुपन्देहीका अध्यक्ष कल्पना तिवारीले चाडपर्वले आपसी सद्भाव, एकता र सामाजिक सम्बन्धलाई थप प्रगाढ बनाउने बताउनुभयो । उहाँले पत्रकारहरूको हकहित, व्यावसायिक सुरक्षा र स्वतन्त्र पत्रकारिताको पक्षमा नेपाल प्रेस युनियन रुपन्देही निरन्तर क्रियाशील रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रम नेपाल प्रेस युनियन रुपन्देहीका उपाध्यक्ष एवं कार्यक्रम संयोजक रमेश अर्यालको स्वागत तथा सचिव राम प्रसाद भण्डारीको संचालनमा सम्पन्न भएको हो ।

सैद्धान्तिक.....

भने कतिपय दल सिद्धान्त बेगरका छन् । सिद्धान्तबेगरता एक मध्यमार्गी वा तटस्थताको स्टेट (अवस्था) हो, जसमा दिगोपनाको आधारलाई शून्यको संज्ञा दिन पनि सकिन्छ ।

पछिल्लोसमय नेपाली सबै दलका पर्यायका रूपमा समाजवाद सबैको साझा सिद्धान्त बन्दै छ, चाहे त्यो साम्यवादी होस् वा दक्षिणपन्थी होस् वा वामपन्थी होस् । विचार र वाद केवल देखाउने दाँत सावित बन्दै जानु कलियुगको आशीर्वाद हो भनेर नकार्न सकिने अवस्था छैन। द्रुत आर्थिक कायान्तरण हिजाआज सबैको सैद्धान्तिक मूल मन्त्र बन्नु स्वाभाविक हो, व्यवस्था र तत्कालिन दण्डहीनताको अवस्थामा। परिवर्तनका पक्षधर दलिय व्यवस्थामा फास्टट्याकमा कार्य सम्पन्न गर्न राज्यका सबै अंगहरू अब्बल हुनु पनि विकासको एक पक्ष सवल बन्नु नै हो। यसै मेसोमा राज्य प्रणालीका मूलभूत आधारस्तम्भका रूपमा रहेका आर्थिक कार्यप्रणालीलाई सुस्ताउन दिनु कदापी पनि गज्जब हैन ।

प्रजातान्त्रिक अभ्यासमा सैद्धान्तिक शासकीय जटिलता स्वभाविक हो। परिवेश, अनुकूलता र प्रणालीमा आधारित शासन व्यवस्थामा सैद्धान्तिक बिचलनले ठूलै प्रभाव पार्न सक्छ, तर विरासतमा आधारित विचारले हालको युवा जमातको विचारलाई ड्राइभ गर्न (हाँक्न) नसक्ने लगभग निश्चितप्राय छ। यसलाई विश्वव्यापीकरण र साक्षरताको उपज हो भनेरभन्दा फरक पर्दैन । राजनीतिक चेत हिजाआजका युवावर्गले विकास गर्नु आवश्यक नै ठान्दैन । युवावर्गले सोच्न सक्ने र महसुस गर्न सक्ने राजनीतिक चेतनाको विकासपश्चात मात्र दलगत सिद्धान्तको कुरा गर्दा ठिक हुन सक्छ । यसै कारण पनि दलहरूले म नै राज्य हुँ भन्ने खालको भावनाको विकास हुनै नदिई परिवर्तनका पक्षधर शक्तिका रूपमा आफूलाई उभ्याएर आयामिक कार्य सम्पादन गर्न सक्दा बिचलनको दलदलवाट उम्कन सक्ने आधारशीला वन्न सक्छ, यसमा दुईमत नै छैन् । (अन्नपूर्ण)

सामाजिक.....

सञ्जाल घृणा फैलाउने, मानिस परिचालन गर्ने र हिंसाको प्रभाव विस्तार गर्ने माध्यम बनेको थुप्रै उदाहरण छन् । सन् २०१७ म्यानमारमा रोहिङ्ग्या समुदायमाथिको क्रूर हिंसा यसको अर्को डरलाग्दो उदाहरण हो । हजारौँ मानिस मारिए र लाखौँ विस्थापित भए । संयुक्त राष्ट्रसंघीय अनुसन्धानले फेसबुक रोहिङ्ग्याविरुद्ध घृणा र अमानवीकरण फैलाउने प्रभावकारी माध्यमका रूपमा प्रयोग भएको उल्लेख गरेको छ । यहाँ प्रश्न कसैले सञ्जाललाई जानीजानी हतियार बनायो कि भन्ने मात्र होइन; घृणा यति छिटो फैलिन सक्ने प्रणाली चलिरहँदा त्यसलाई रोक्ने संयन्त्र कहाँ थियो भन्ने पनि हो । सन् २०१९ को न्युजिल्यान्डको क्राइस्टचर्च मस्जिद आक्रमणले सञ्जालको अर्को विध्वंसको आयाम देखायो ।

दुई मस्जिदमा भएको आतंकवादी आक्रमणमा ५१ जनाको मृत्यु र ४० जना घाइते भए । आक्रमणकारीले फेसबुकमार्फत घटनाको प्रत्यक्ष प्रसारण गऱ्यो र त्यसपछि दृश्य विभिन्न डिजिटल माध्यममा फैलियो । हिंसा घटनास्थलमै समाप्त भएन, डिजिटल प्रसारले त्यसलाई विश्वव्यापी दृश्यमा रूपान्तरण गऱ्यो ।

सन् २०१८ को श्रीलङ्काको साम्प्रदायिक हिंसामा अनलाइन अफवाह, सन् २०११ को बेलायती दंगामा सामाजिक सञ्जालमार्फत सूचना तथा भीड परिचालन र अरब स्प्रिङ आन्दोलनमा डिजिटल माध्यमको प्रयोग पनि यसका डरलाग्दा उदाहरण हुन् । सामाजिक सञ्जालको पर्दामा जन्मिएको सामग्री पर्दामै सीमित नरहनसक्छ। घृणा सडकमा पुग्न, अफवाहले भीड जम्माउन र केही क्षणको उत्तेजना वास्तविक क्षतिमा परिणत हुन सक्छ । तर यहाँ एउटा भेद बुझ्नैपर्छ । अरब स्प्रिङमा यही माध्यम दमनविरुद्ध नागरिक आवाज संगठित गर्ने साधन बन्यो भने क्राइस्टचर्चमा यही माध्यम हिंसा फैलाउने साधन बन्यो । सामाजिक सञ्जाल आफैँमा खराब होइन। कसले, कुन उद्देश्यले र कुन जिम्मेवारीबोधका साथ चलायो भन्ने कुराले यसको चरित्र तय गर्छ ।

त्यसैले यसलाई हतियार भनिनुको अर्थ यसको दुरुपयोगको सम्भावना र त्यसको विनाशकारी गति हो । सञ्जालको शक्ति राजनीतिक क्षेत्रमा अझ बढी देखिन्छ । सन् २०१६ को अमेरिकी राष्ट्रपतीय निर्वाचनमा क्रेमलिनसमर्थित इन्टरनेट रिसर्च एजेन्सीले सामाजिक सञ्जालमार्फत अमेरिकी समाजमा विभाजन बढाउने, राजनीतिक प्रभाव पार्ने र निर्वाचनलाई प्रभावित पार्ने खालको अभियान चलाएको अमेरिकी सिनेटको द्विदलीय अनुसन्धानले उल्लेख गरेको थियो ।

अनुसन्धान प्रतिवेदनका अनुसार आई.आर.ए सम्बद्ध करिब ४७० वटा खाता तथा पेजबाट करिब ८० हजार फेसबुक पोस्ट गरिएको प्रमाण छ । जसको सामग्री करिब १२ करोड ६० लाख अमेरिकी प्रयोगकर्तासम्म पुगेको अनुसन्धानमा उल्लेख छ । यहाँ निर्वाचनको परिणाम नै सामाजिक सञ्जालका कारण बदलियो भन्ने निष्कर्ष प्रमाणित त छैन । तर राजनीतिक प्रभाव र सामाजिक ध्रुवीकरणका लागि डिजिटल माध्यम कति व्यापक रूपमा प्रयोग हुन सक्छ भन्ने कुरा भने स्पष्ट हुन्छ ।

नेपालमा पनि २०२६ को प्रतिनिधिसभा निर्वाचनका क्रममा सामाजिक सञ्जाल गलत सूचना र राजनीतिक ध्रुवीकरणको महत्वपूर्ण माध्यम बनेको देखिन्छ। सेन्टर फर मिडिया रिसर्च-नेपाल र जर्मन विकास सहयोगसँग सम्बन्धित संस्थाको अध्ययनले निर्वाचनअघिको एक महिनामा सातै प्रदेशबाट १,०२० सम्भावित गलत सूचना र १०२ तथ्यजाँच गरिएका गलत सूचना विश्लेषण गरेको थियो ।

अध्ययन अनुसार पुष्टि गरिएका निर्वाचनसम्बन्धी गलत सूचनामध्ये ८७.२५ प्रतिशत सामाजिक सञ्जालको प्रयोगबाट भएका थिए । जहाँ फेसबुक प्रमुख माध्यम देखिएको छ । अध्ययमा पुराना दल र समुह विरुद्ध अविश्वास र घृणा फैलाउने उद्देश्यले गलत सुचना र सामग्रीको अत्याधिक प्रयोग गरिएको उल्लेख छ । 'पुराना सबै खराब', 'सबै भ्रष्ट' र 'पुराना राजनीतिक शक्तिले देश सके' जस्ता सञ्जालमा छरपस्ट सामान्यीकृत भाष्यले व्यक्तिगत नेता, नीति वा निर्णयको आलोचनालाई पूरै राजनीतिक पुस्ता र संस्थाप्रतिको अविश्वासमा रूपान्तरण गर्दै जनतामा राजनीतिक ध्रुवीकरण र भावनात्मक प्रतिक्रिया उत्पन्न गराउने काम गऱ्यो ।

नेपाल प्रहरी साइबर ब्यूरोका तथ्याङ्क हेर्दा नेपालमा सामाजिक 'ह्यारासमेन्ट र बुलिङ' सम्बन्धी उजुरी बढ्दोक्रममा देखिन्छ। कुनै विचारसँग असहमत हुनु स्वाभाविक हो । त्यसको जवाफ विचारबाटै दिन सकिन्छ। तर जब तर्कको ठाउँमा व्यक्तिमाथि प्रहार हुन थाल्छ, बहस बिस्तारै भिडन्तमा बदलिन्छ । मानिसले आफ्नो कुरा राख्नुअघि त्यसको मूल्य के पर्ला भनेर सोच्न थाल्छ- गाली सहनुपर्ला कि, धम्की आउला कि, परिवारसमेत तानिएला कि । यही डरले विस्तारै सार्वजनिक संवादको दायरा साँघुरो बनाउँछ । यसरी सामाजिक सञ्जालको प्रभाव स्क्रिनमा देखिने प्रतिक्रियामै रोकिँदैन । जब साझा सत्य कमजोर हुन्छ, सामाजिक विश्वास कमजोर हुन्छ । र सामाजिक विश्वास कमजोर हुँदा लोकतान्त्रिक संवादको आधार नै कमजोर हुन्छ । त्यसले मानिसको व्यवहार, सम्बन्ध र बोल्ने साहसमाथि समेत असर पार्न सक्छ। स्क्रिनपछाडिको एउटा प्रहार वास्तविक जीवनमा पुगेपछि त्यसको चोट पनि वास्तविक नै हुन्छ । अन्य देशमा पनि गलत सूचना, अफवाह र कृत्रिम रूपमा तयार गरिएका दृश्य तथा श्रव्य सामग्रीको प्रयोग बढ्दो चिन्ताको विषय बन्ने गरेका अनुसन्धान प्रतिवेदन छन ।

सामाजिक सञ्जालका प्लेटफर्मलाई जवाफदेही बनाउनुपर्छ । नेपालमा सेवा दिने ठूला प्लेटफर्मले उजुरीमा निश्चित समयभित्र कारबाही गर्ने, हिंसा उक्साउने सामग्री रोक्ने र सत्यतथ्य सामग्री पहिचान गर्न पर्याप्त क्षमता राख्ने व्यवस्था गरिनुपर्छ । भाद्र २४ को विध्वंसले देखाएको छ- जवाफदेहिताबिनाको एल्गोरिदमले आक्रोसलाई अझ चाँडो फैलाउन सक्छ । परिवार, विद्यालय र सञ्चारमाध्यमको भूमिका पनि यहाँ उत्तिकै छ । 'भाइरल' भन्दा 'प्रमाणितलाई' प्राथमिकता दिने संस्कार जरैदेखि विकास गर्नुपर्छ। तर यी सबै संरचना बने पनि अन्तिम निर्णय प्रयोगकर्ताकै हातमा हुन्छ । एउटा साझा विचारले समाज जोड्न सक्छ, एउटा झुटले समाज विभाजित गर्न सक्छ । एउटा टिप्पणीले कसैलाई उभ्याउन सक्छ, अर्कोले कसैको प्रतिष्ठा भत्काउन सक्छ। आणविक युगले शक्तिको विनाशकारी सम्भावनासँग मानवजातिलाई परिचित गरायो । डिजिटल युगले प्रभाव पार्न सक्ने त्यस्तो शक्ति प्रत्येक व्यक्तिको हातमा पुऱ्याएको छ ।

त्यसैले आजको मूल प्रश्न सामाजिक सञ्जाल कति शक्तिशाली छ भन्ने मात्र होइन, त्यो शक्ति प्रयोग गर्ने मानिस कति जिम्मेवार र विवेकशील छ भन्ने हो । किनकि हतियारको शक्ति त्यसमा मात्र हुँदैन, त्यसलाई चलाउने हातमा पनि हुन्छ । आज त्यो हातमा बन्दुक होइन, मोबाइल छ ।

ट्रिगरमा औँला छ । सही सूचना पठाउने कि गलत, समाज जोड्ने कि भत्काउने- त्यो औँला चलाउने निर्णय मानिसकै हो । (रातोपाटी)

Bhumikasthan Municipality
Office of the Municipal Executive
Nuwakot, Arghakhanchi
Lumbini Province, Nepal

Invitation for Bids

Invitation for Bids No: 20/BMA/G/MT/2083/084
Mininitiller Procurement and Supply Works
Date of publication: 2083/07/17 B.S. (3rd Nov., 2026 A.D.)

1. Bhumikasthan Municipality, Arghakhanchi invites sealed bids from eligible bidders for the procurement of Mininitiller and Supply Works under National competitive bidding – Single Stage Single Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bhumikasthan Municipality, Office of the Municipal Executive, Nuwakot, Arghakhanchi or may visit website: www.bhumikasthanmun.gov.np
3. A complete set of Bidding Documents may be purchased from the office Bhumikasthan Municipality, Arghakhanchi by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs.3000/- till 2083/08/07 B.S. during office hours in the account as specified below:
   Name of the Bank: Prabhu Bank Ltd.
   Name of the Office: Bhumikasthan Municipality
   Office Code no: 801055101
   Office Account no: 2587086986800138
   Rajaswa (revenue)Shirshak no: 14249
4. Pre-bid meeting shall be held at Bhumikasthan Municipality, Office of the Municipal Executive, Nuwakot, Arghakhanchi at 2083/07/27 B.S. 13th Hrs.
5. Sealed or electronic bids must be submitted to the office Bhumikasthan Municipality, Office of the Municipal Executive, Nuwakot, Arghakhanchi by hand/courier on or before 12th Hrs. on 2083/08/08 B.S. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13th Hrs. of 2083/08/08 B.S. at the office of Bhumikasthan Municipality, Office of the Municipal Executive, Nuwakot, Arghakhanchi. Bids must be valid for a period of 90 Days from the bid submission deadline and must be accompanied by a bid security amounting to a minimum of NRs.122500/-, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a public holiday applicable to purchaser, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

ट्वाईलेट सफा गराउनुहोस्

के तपाईको घरको सिट,नाली जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता अत्याधुनिक प्रविधी, पावरफुल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एकमात्र सेनेटरीलाई सम्पर्क गर्नु होस ।

ट्याक्सी रिजर्भकोलागि पनि सम्पर्क गर्नुहोला

तिनाउ सेनेटरी

बुटवल–१०, सुख्खानगर

मोवाईल नं:- ९८५७०५८८१३, ९८०७१८०८१३

हामी तपाईको समस्या तुरुन्तै पाँच मिनेटमा हल गरिदिने छौं ।

Shreedhar Pokhrel **9857023647**

Sahja Worldwide Courier

Butwal-6, Traffic chowk, Nepal
071-537182/ 9866147750
sajhaworldwidecourieroffice@gmail.com

Our International Service

DHL EXPRESS aramex delivery unlimited FedEx Express SKYNET WORLDWIDE EXPRESS

राष्ट्रिय अन्तर्राष्ट्रिय कुरियर तथा कार्गो सेवा

प्रहरी

ट्राफिक प्रहरी भैरहवा	०७१-५२२८७५
बुटवल	०७१-५४०२२२
भैरहवा	०७१-५२०१९९
अर्घाखाँची	०७७-४२०१९९
गुल्मी	०७९-५२०१९९
परासी	०७८-५२०१९९
तौलिहवा	०७६-५६००९९
पाल्पा	०७५-५२०२५५
दाङ, घोराही	०८२-५६०१९९
तुल्सीपुर	०८२-५२०१९९
प्रहरी चौकी गल्याङ	०६३-४६०१९९
ई.प्र.का.लुम्बिनी	५८०१७१
ई.प्र.का., लुम्बिनी	०७१-४०४०३२
जिल्ला प्रहरी कार्यालय चितवन	०५६-५२०१५५
इलाका प्रहरी कार्यालय गैंडाकोट	०५६-५०११९९
इलाका प्रहरी कार्यालय कावासोती	०७८-५४०१७९
इलाका प्रहरी कार्यालय, रजहर	०७८-५४५००५

एयरलाइन्स

बुद्ध एयर	०७१-५२३८९३, ०७१-५२२८९३
यती एयर	०७१-५२७५२७
अग्नि एयर	०७१-५२६७७३

अस्पताल

लुम्बिनी अ.अस्पताल	५४०२००,५४०२०१
भीम, भैरहवा	५२०१९३
मिशन, पाल्पा	०७५-५२०१११
पी.चन्द्र परासी	०७८-५२०१८८
भैरहवा आँखा अस्पताल	०७१-५२०२६५
अर्घाखाँची	०७७-४२०१८८
तम्घास	०७९-५२०१८८
तौलिहवा	०७६-५६०२००
सिद्धार्थ बा.तथा म.अस्पताल	०७१-५४४४५०
ब्लड बैंक(रेडक्रस रक्तसंचार केन्द्र बुटवल)	०७१-५४१००४
शिक्षण अस्पताल भैरहवा	०७१-५२१७५२
खत्री हेल्थ केयर नर्सिङ होम	९८४७३००६६
क्रिमसन अस्पताल मणिग्राम	०७१-५६२७४४
क्यान्सर अस्पताल भरतपुर	०५६-५२४५०१
मेडिकल कलेज, भरतपुर	०५६-५२४२०३
भरतपुर अस्पताल	०५६-५२०१११
लुम्बिनी मेडिकल कलेज, पाल्पा	०७५-५२०८४०
मर्सिसिटी हस्पिटल,बुटवल ०७१-५५३८०५ / ०७१-५०३१०५	
देवदह मेडिकल कलेज	०७१-६२२५७८
लुम्बिनी हस्पिटल एण्ड टेक्निकल कलेज	०७१-५४१६४१

दमकल

बुटवल	०७१- ५४०१११
भैरहवा	०७१-५२०२१५
दाङ	०८२-५६०४९९
नेपालगंज	०८१-५२०१११
तौलिहवा	०७६-५६००१९

एम्बुलेन्स

रेडक्रस भैरहवा	०७१-५२०२६३
रेडक्रस परासी	०७८-५२०१२५
रेडक्रस पाल्पा	०७५-५२०६००
सिद्धार्थ कल्याण सेवा	९८४७०२५६९७
उ.वा.संघ दाङ	०८२-५६००६३
रेडक्रस, तुल्सीपुर	०८२-५२००२२
रेडक्रस गुल्मी	०७९-५२०१६३
लुम्बिनी विकास कोष	०७१-५८०२००
रेडक्रस चितवन	०५६-५२०१३३
तौलिहवा रेडक्रस	०७६-५६००१५
वालिङ नगरपालिका	०६३-४४०१८८, ४४०१४९
रेडक्रस (वालिङ)	०६३-४४०४०१
नेपाल औषधी व्यवसायी संघ	९८५७०२५६७१
लुम्बिनी निर्माण व्यवसायी संघ,भैरहवा	०७१-५२१०५८
जयसवाल सेवा समिति,भैरहवा	०७१-५२७२११
गोपाल रामप्यारी मेमोरियल ट्रष्ट	९८४७०२१५९७
देवदह अध्यात्मिक प्रतिष्ठान	०७१-५४७३८७
वनगाई क्लब, कपिलवस्तु:	९७४७०१७१३३
लुम्बिनी धर्मोदय सेवा,लुम्बिनी	०७१-५८००४३
देवदह मेडिकल कलेज (एम्बुलेन्स)	०७१-६२१८००
क्रिमसन अस्पताल, मणिग्राम	०७१-५६२७४५
खत्री हेल्थ केयर नर्सिङ होम	९८४७३००६६
लुम्बिनी हस्पिटल एण्ड टेक्निकल कलेज	०७१-५४५६४१

कर्णालीमाथि काठमाडौंको रोमाञ्चक जित



बुटवल, कार्तिक १६ । नेपाल प्रिमियर लिग (एनपिएल) मा काठमाडौं गोर्खाजले कर्णाली याक्सलाई ४ विकेटले पराजित गरेको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा सोमबार भएको खेलमा काठमाडौंले कर्णालीले दिएको १८१ रनको लक्ष्य १९.४ ओभरमा ६ विकेट गुमाएर पूरा गऱ्यो ।काठमाडौंको जितमा रशिद खान र कप्तान करण केसीले उत्कृष्ट ब्याटिङ गरे। रशिदले अर्धशतकीय इनिङ्स खेल्दा करणले आक्रामक ब्याटिङ गर्दै टोलीलाई जितसम्म पुऱ्याउने आधार तयार गरे ।८९ रनमा चार विकेट गुमाएको काठमाडौंलाई जितको बाटोमा फर्काउने काम रशिद र करणले गरे । पाँचौं विकेटका लागि यी दुईले २४ बलमा ५५ रनको महत्वपूर्ण साझेदारी गरे ।

रशिदले ३३ बलमा ३ चौका र २ छक्काको मद्दतले ५० रन बनाए। उनी १७औं ओभरमा आउट भए। रशिदको अर्धशतकीय इनिङ्स काठमाडौंको जितको मुख्य आधार बन्यो।त्यसपछि कप्तान करण केसीले आक्रामक ब्याटिङ गरे । उनले २० बलमा ४ चौका र ३ छक्कासहित ४४ रन बनाए। करणले २२० को स्ट्राइक रेटमा ब्याटिङ गरेका थिए। उनी १८औं ओभरमा आउट हुँदा काठमाडौंलाई जितका लागि अझै २१ रन आवश्यक थियो।कर्णालीले ७८ रनमा चार विकेट गुमाएपछि दबाबमा परेको थियो। तर पवन सर्राफ र हुसैन तलातले पाँचौं विकेटका लागि ३५ बलमा ६५ रनको साझेदारी गर्दै इनिङ्स उकासे। तलात ४० रन बनाएर आउट भए।

काठमाडौंका लागि करण केसीले २ विकेट लिए। शाहब आलम, जहानदाद खान, देव शाह र सन्तोष यादवले समान १ विकेट हात पारे । सन्तोषले २ ओभरमा ८ रन मात्रै खर्चिए ।यस जितसँगै काठमाडौंले कर्णालीको लगातार जितको यात्रामा पूर्णविराम लगाएको छ। यो काठमाडौंको पहिलो जित हो ।

सताको पहिलो दिन सेयर बजारका सबै सूचक झरे

काठमाडौं, कार्तिक १६ । साताको पहिलो कारोबार दिन सोमबार सेयर बजार ३२.६५ अंक घटेको छ । कारोबार सुरु भएपछि आज दिनभर बजार रातो अंकमा रह्यो ।आजको कारोबारपछि बजार परिसूचक नेप्से २६५७ अंकमा कायम भएको छ । यसअघिको कारोबार दिन नेप्से ५ अंक मात्रै घटेको थियो ।

बजार परिसूचक नेप्सेसँगै कारोबार रकम घटेको छ । अघिल्लो दिन ८ अर्ब ८९ करोडको कारोबार भएकोमा आज ७ अर्ब १८ करोडको भयो ।आज जम्मा २१ कम्पनीको मूल्य बढ्यो भने २५२ को घट्यो। त्यस्तै ६ कम्पनीको मूल्य स्थिर रह्यो । आज सबै समूहगत सूचक घटेका छन् । विकास बैंक सबैभन्दा धेरै १.८८ प्रतिशत घट्यो ।त्यस्तै बैंकिङ १.०७, फाइनान्स १.५३, होटल तथा पर्यटन ०.६३, जलविद्युत् १.०८, लगानी १.४२, जीवन बीमा १.४७, उत्पादन तथा प्रशोधन ०.९०, माइक्रोफाइनान्स १.१६, निर्जीवन बीमा १.७२, अन्य १.६१ तथा व्यापार ०.८६ प्रतिशत घटे ।

हालै सूचीकृत बेनी हाइड्रोपावरको मूल्य सबैभन्दा धेरै १५ प्रतिशत बढ्यो । त्यस्तै मकर जितुमाया सुरी हाइड्रोपावरको ८.७७, मन्दाकिनी हाइड्रोपावरको ५.४७, एनआईसी एसिया बैंकको ३.०२, ब'टवल पावरको २.४८ प्रतिशत मूल्य बढ्यो ।

झापा इनर्जीको मूल्य ४.११, सांग्रिला डेभलपमेन्ट बैंकको४.०८, एनएलजी इन्स्योरेन्सको ३.८३, माउन्ट एभरेस्ट पावरको ३.५६ प्रतिशत मूल्य घट्यो ।

सोमबार धेरै कारोबार भएका कम्पनीमा घलेम्दी हाइड्रोपावर, ग्लोबल आईएमई बैंक, कुमारी बैंक, लुम्बिनी विकास बैंक, मकर जितुमाया सुरी हाइड्रोपावर, ग्रिन भेन्चर्स, एनआईसी एसिया बैंक तथा प्राइम कमर्सियल बैंक रहे ।

गौतमको निधनले पार्टीलाई क्षतिः मुख्यमन्त्री



बाँके, कार्तिक १६ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले नेकपा एमालेका पूर्व केन्द्रीय सल्लाहकार तथा लुम्बिनी प्रदेश सभाका पूर्व सदस्य बाबुराम गौतमको निधनले राजनीतिक तथा सामाजिक क्षेत्रमा अपूरणीय क्षति पुगेको बताउनुभएको छ । गौतमको १३ औं दिनको पुण्यतिथिमा नेकपा एमाले बाँके जिल्ला कमिटीले सोमबार आयोजना गरेको श्रद्धाञ्जली सभालाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले गौतमलाई सादगीपूर्ण जीवनशैली, निष्ठापूर्ण राजनीतिक यात्रा र जनतामाझ लोकप्रिय व्यक्तित्वका रूपमा स्मरण गर्नुभयो । मुख्यमन्त्री आचार्यले बाँके जिल्ला पार्टीले एक सच्चा, इमानदार र कर्तव्यनिष्ठ अभिभावक गुमाएको उल्लेख गर्दै गौतमले अघि सारेका विचार र सिद्धान्तलाई आत्मसात् गर्दै अधुरा काम पूरा गर्न पार्टीका नेता तथा कार्यकर्तालाई आग्रह गर्नुभयो । उहाँले गौतमप्रति सच्चा श्रद्धाञ्जली व्यक्त गर्ने माध्यम उहाँका विचार, सिद्धान्त र योगदानलाई व्यवहारमा निरन्तरता दिनु भएको बताउनुभयो ।

प्रदेश सभामा पाँच वर्षसम्म गौतमसँग सहकार्य गर्ने अवसर पाएको स्मरण गर्दै मुख्यमन्त्री आचार्यले उहाँलाई नजिकबाट चिन्ने र सिक्ने अवसर प्राप्त भएको बताउनुभयो । गौतमले आफूलाई सधैं अभिभावकको रूपमा मार्गदर्शन गरेको उल्लेख गर्दै उहाँको राजनीतिक जीवन, संघर्ष र समाजप्रतिको समर्पणबाट धेरै कुरा सिक्न सकिने बताउनुभयो ।

गौतममा लुम्बिनी प्रदेश र विशेषगरी बाँके जिल्लाको विकासप्रति गहिरो चिन्ता र चासो रहेको मुख्यमन्त्री आचार्यले स्मरण गर्नुभयो । संगठन निर्माण, विकास निर्माण तथा सामाजिक कार्यलाई अघि बढाउन उहाँले अतुलनीय भूमिका निर्वाह गर्नुभएको भन्दै मुख्यमन्त्री आचार्यले उहाँले देखाउनुभएको मार्गलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।गुल्मीको थोर्गामा जन्मिएर बाँकेलाई कर्मथलो बनाउनुभएका गौतमले राजनीतिक तथा सामाजिक क्षेत्रमा पुऱ्याउनुभएको योगदान सधैं स्मरणीय रहने मुख्यमन्त्री आचार्यको भनाइ थियो । उहाँले दिवंगत गौतमप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजन, आफन्त तथा शुभेच्छुकहरूमा समवेदना व्यक्त गर्नुभयो ।

एसियाली राजमार्ग निर्माणका अवरोध हटाउन पहल

बुटवल, कार्तिक १६ । पूर्वपश्चिम राजमार्ग अन्तर्गत एसियाली राजमार्गका रूपमा स्तरोन्नति भइरहेको काँकडभिट्टा-लौकही सडक निर्माणमा देखिएका अवरोध हटाउन स्थानीय प्रशासनले पहल थालेको छ ।स्थानीयवासीका माग, निर्माण सामग्रीको अभाव तथा विद्युतका पोल व्यवस्थापनमा देखिएको समस्याका कारण निर्माण कार्य प्रभावित भएपछि जिल्ला प्रशासन कार्यालय झापाले समाधानका लागि पहल शुरु गरेको हो ।निर्माणमा देखिएका समस्या पहिचान गरी समाधानको उपाय खोज्ने उद्देश्यले प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले आयोजनाका प्रतिनिधिसहित निर्माणाधीन सडकखण्डको स्थलगत निरीक्षण गर्नुभएको छ ।निर्माण कम्पनीका महाप्रबन्धक उज्ज्वल प्रसाईंका अनुसार स्थानीयवासीका माग र निर्माण सामग्रीको उपलब्धतामा देखिएको समस्यासमेत सडक निर्माण प्रभावित भएको छ ।शुरुआती डिजाइनमा परिवर्तन गरी सडकलाई व्यवस्थित र यात्रुमैत्री बनाउन जनप्रतिनिधि, राजनीतिक दल तथा स्थानीयवासीले माग गरेपछि कतिपय स्थानमा निर्माण कार्य रोकिएको उहाँले बताउनुभयो ।आयोजनाका इन्जिनियर आश्रय महतका अनुसार काँकडभिट्टामा शुरुआती डिजाइनमा नभएको ओभरपास निर्माण गर्नुपर्ने, धुलाबारीमा बस स्ट्यान्ड व्यवस्थापन गर्नुपर्ने, चारआलीको ओभरपास क्षेत्रमा देखिएको अवरोध हटाउनुपर्ने तथा विद्यालय क्षेत्रमा ओभरपास निर्माण गर्नुपर्ने मागले काममा समस्या सिर्जना गरेको छ ।

त्यस्तै, विद्युतका पोल स्थानान्तरण तथा निर्माण सामग्रीको स्रोत र नियमित आपूर्तिमा समेत समस्या देखिएको छ । सडक विस्तारका लागि सहरी क्षेत्रमा रहेका विद्युतका पोल समयमै स्थानान्तरण हुन नसक्दा निर्माण कार्य प्रभावित भएको हो ।कालोपत्रका लागि आवश्यक अस्फाल्ट चिप्स तथा प्रबलित माटोको पर्खाल निर्माणमा प्रयोग हुने ब्याकफिलिङ सामग्रीको स्रोत र नियमित आपूर्तिमा समेत कठिनाइ रहेको आयोजना कार्यालयले जनाएको छ ।प्रमुख जिल्ला अधिकारी पोखरेलले निर्माण सामग्रीको अभाव हुन नदिन तथा स्थानीयस्तरमा देखिएका समस्या समाधान गर्न सरोकारवालासँग विभिन्न चरणमा छलफल भइरहेको बताउनुभयो । सडक खण्ड निर्माणका लागि १० अर्ब ६ करोड ९४ लाख ८२ हजार ७१२ रुपैयाँमा ठेक्का सम्झौता भएको हो ।

आयोजनाका इन्जिनियर महतका अनुसार निर्माण सम्झौताको अवधि सकिन झण्डै तीन महिना बाँकी रहँदा पूर्वी खण्डको भौतिक प्रगति ५६ प्रतिशत पुगेको छ ।

कालीगण्डकी डाइभर्सन खारेजीमा स्थानीय तह एकजुट

पाल्पा, कात्तिक १६ । कालीगण्डकी नदी संरक्षण अभियानलाई थप सशक्त बनाउन राम्दीदेखि देवघाटसम्मका नदी तटीय क्षेत्रका स्थानीय तहले साझा प्रतिबद्धता जनाएका छन् ।कालीगण्डकी बचाउ अभियानअन्तर्गत रामपुर नगरपालिकामा आइतबार आयोजित कार्यक्रममा पाल्पा, स्याङ्जा, तनहुँ र नवलपुरका कालीगण्डकी तटीय क्षेत्रका स्थानीय तहका जनप्रतिनिधिले प्रस्तावित कालीगण्डकी-तिनाउ डाइभर्सन आयोजना खारेजीका लागि संयुक्त पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका हुन् ।रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापाले कालीगण्डकी नदी जलस्रोतका रूपमा मात्र नभई धार्मिक तथा सांस्कृतिक दृष्टिले समेत महत्वपूर्ण रहेकाले यसको प्राकृतिक स्वरूपमा परिवर्तन गर्ने विषय तटीय क्षेत्रका नागरिकलाई स्वीकार्य नहुने बताउनुभयो ।

“कालीगण्डकी धार्मिक तथा ऐतिहासिक नदी हो । यसलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नुपर्नेमा अन्यत्र मोड्ने वा यसको प्राकृतिक स्वरूपमा परिवर्तन गर्ने विषय तटीय क्षेत्रका नागरिकका लागि स्वीकार्य हुँदैन,” उहाँले भन्नुभयो ।

नदी डाइभर्सनले यस क्षेत्रको धार्मिक सभ्यतामा मात्र नभई पारिस्थितिक प्रणालीमा समेत प्रत्यक्ष असर पार्ने उहाँको भनाइ थियो । कालीगण्डकी दुई प्रदेशको साझा नदी भएको उल्लेख गर्दै उहाँले तल्लो तटीय क्षेत्रका बासिन्दाले पनि पानी उपयोग गर्न पाउनुपर्ने धारणा राख्नुभयो ।

नदीको पानी सिँचाइका साथै धार्मिक तथा पर्यटन प्रवर्द्धनमा उपयोग गर्न साझा योजना बनाएर अघि बढ्नुपर्ने उहाँले बताउनुभयो ।

रम्भा गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भण्डारीले कालीगण्डकीको महत्त्व विश्वसामु चिनाउन आवश्यक रहेको बताउनुभयो । कालीगण्डकी सभ्यता स्थानीय जनजीवनसँग जोडिएको उल्लेख गर्दै उहाँले नदी डाइभर्सन गर्न नहुने धारणा राख्नुभयो । नदीसँगै आसपासका धार्मिक स्थलको संरक्षण र प्रचारप्रसारमा समेत जोड दिनुपर्ने उहाँको भनाइ थियो ।

बौदीकाली गाउँपालिकाका अध्यक्ष प्रकाश ओझाले कालीगण्डकी करिडोर निर्माणसँगै पहिचान स्थापित गर्दै गरेको कालीगण्डकी उपत्यकाका लागि डाइभर्सन आयोजना कुनै पनि हालतमा स्वीकार्य नहुने बताउनुभयो । नदीको स्वच्छता कायम राख्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

निस्दी गाउँपालिकाका अध्यक्ष मुक्तबहादुर सारुले कालीगण्डकी संरक्षणका लागि गाउँपालिका प्रतिबद्ध भएर लाग्ने बताउनुभयो । घिरिङ गाउँपालिकाका अध्यक्ष होमबहादुर थापाले एउटा ठाउँको विकासका नाममा अर्को ठाउँमा विनाश निम्त्याउने विषय स्वीकार्य नहुने धारणा राख्नुभयो ।

कालीगण्डकी बचाउ अभियान नागरिक समितिका अध्यक्ष कृष्णप्रसाद पौडेलले प्रस्तावित डाइभर्सन आयोजना कालीगण्डकी क्षेत्रका लागि मात्र नभई तिनाउ नदी क्षेत्रका नागरिकका लागि समेत घातक हुन सक्ने बताउनुभयो ।उहाँले कालीगण्डकीको धार्मिक महत्त्व, विभिन्न शास्त्रमा नदीबारे गरिएको उल्लेख, डाइभर्सनले पार्न सक्ने प्रभाव तथा नदीको उपयोगका विषयमा प्रकाश पार्नुभएको थियो ।छलफलपछि नदीको धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यावरणीय महत्त्वलाई आत्मसात् गर्दै स्थानीय तहहरूले आ-आफ्ना नीति, कार्यक्रम तथा बजेटमा नदी संरक्षणलाई प्राथमिकता दिने निर्णय गरेका छन् ।

नदीलाई प्रदूषणमुक्त राख्न ढलरहित पालिका अभियान सञ्चालन गर्ने, प्रत्येक पालिकामा कम्तीमा १५ वटा नदी संरक्षणसम्बन्धी होर्डिङ बोर्ड राख्ने तथा हरेक वर्ष दामोदर मासको अन्तिम दिन र कात्तिक शुक्ल पूर्णिमामा नदी महोत्सव आयोजना गर्ने निर्णय गरिएको छ ।

यस वर्ष मंसिर १२ गते रामपुर नगरपालिका-८, भुजातस्थित कालीगण्डकी नदी किनारमा बृहत् कालीगण्डकी नदी महोत्सव आयोजना गरिने भएको छ। महोत्सवमा वक्तृत्वकला प्रतियोगिता, स्थानीय कला तथा संस्कृतिको प्रदर्शन, धार्मिक प्रवचन, भजनकीर्तन, जल पर्यटन प्रवर्द्धन, स्थानीय उत्पादनको प्रदर्शनी तथा नदी सरसफाइका कार्यक्रम सञ्चालन गरिने रामपुर नगरप्रमुख थापाले जानकारी दिनुभयो ।नदी संरक्षणमा नागरिकको सहभागिता सुनिश्चित गर्न प्रत्येक स्थानीय तहमा ‘कालीगण्डकी बचाउ अभियान नागरिक समिति’ गठन गरिने भएको छ। नदीको प्राकृतिक बहाव, परम्परागत सिँचाइ प्रणाली, खानेपानी तथा स्थानीय समुदायको जलस्रोत उपयोगको अधिकार सुनिश्चित गर्न सम्बन्धित निकायसँग समन्वय र पैरवी गर्ने निर्णयसमेत गरिएको छ ।

प्रस्तावित कालीगण्डकी-तिनाउ डाइभर्सन आयोजनाले नदीको प्राकृतिक बहाव, शालिग्राम, पर्यावरणीय सन्तुलन, कृषि, पर्यटन तथा स्थानीय जनजीवनमा पार्न सक्ने सम्भावित असरलाई ध्यानमा राख्दै आयोजना खारेजीका लागि संयुक्त पहल गर्ने निर्णय गरिएको हो ।

स्थानीय तहबिच निरन्तर समन्वय र सहकार्य गर्दै कालीगण्डकीको प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदालाई भावी पुस्तासम्म सुरक्षित रूपमा हस्तान्तरण गर्ने सामूहिक प्रतिबद्धतासमेत व्यक्त गरिएको छ ।

सार्वजनिक सूचना

विज्ञापन प्रकाशन सम्बन्धी दररेट

बुटवलबाट प्रकाशित बुटवल टुडे राष्ट्रिय दैनिक, दैनिक पत्र राष्ट्रिय दैनिक, मेचीकाली राष्ट्रिय दैनिक, दैनिक लुम्बिनी राष्ट्रिय दैनिक र नवतिलोत्तमा राष्ट्रिय दैनिक को मिति २०८३ साल साउन ७ गतेदेखि लागू हुने गरी विज्ञापन प्रकाशन सम्बन्धी न्यूनतम दररेट कायम गरिएको सबैमा जानकारी गराइन्छ ।

यस व्यवस्थाबाट विज्ञापनदाताहरूलाई समान, पारदर्शी, विश्वसनीय तथा व्यवस्थित सेवा उपलब्ध हुने विश्वास लिएएको छ ।

न्यूनतम विज्ञापन दररेट (संक्षेपमा)

	विज्ञापन तथा सूचना	न्यूनतम दर
१.	हार्दिकबधाई तथा शुभकामना, समवेदना, श्रद्धान्जली तथा व्यवसायिक विज्ञापन	रू. १०० (प्रति सी.सी.)
२.	हराएको सम्बन्धी सूचना (राहदानी, नागरिकता, बीमा, शैक्षिक प्रमाणपत्र आदि तथा अदालत, कम्पनी रजिष्ट्रार, बैंक तथा वित्तीय संस्था, कानुनी, सार्वजनिक, आवश्यकता तथा सहकारी सम्बन्धी सूचना	रू. ३,००० (प्रति सूचना)
३.	सरकारी तथा सार्वजनिक खरिद, बोलपत्र, आशयपत्र तथा प्रस्ताव आवहान सम्बन्धी सूचना	विज्ञापन बोर्डबाट स्वीकृत दररेटअनुसार
४.	बैंक तथा वित्तीय संस्थाका कर्जा तथा धितो लिलामी सूचना	रू. १०० (प्रति सी.सी.)
५.	सरकारी तथा स्थानीय तहका जनहितका सूचना तथा वन सम्बन्धी सूचना र पेन्सनपट्टाको सूचना	रू. ५,००० (न्यूनतम)

- उल्लेखित दररेटमा प्रचलित कानून बमोजिम लाग्ने कर तथा मूल्य अभिवृद्धि कर (भ्याट) अतिरिक्त लाग्ने छ ।

बुटवल टुडे, मेचीकाली, दैनिक पत्र, दैनिक लुम्बिनी र नवतिलोत्तमा राष्ट्रिय दैनिक पत्रिकाहरुको ग्राहक शुल्क २०८३ साल श्रावण महिनादेखि लागू हुने गरी प्रतिदिन रू. १० (दश रूपैयाँ) कायम गरिएको छ।

बुटवलबाट प्रकाशित राष्ट्रिय दैनिक पत्रिकाहरु

बुटवल टुडे राष्ट्रिय दैनिक | मेचीकाली राष्ट्रिय दैनिक | दैनिक पत्र राष्ट्रिय दैनिक | लुम्बिनी राष्ट्रिय दैनिक | नवतिलोत्तमा राष्ट्रिय दैनिक

मणि मुकुन्द प्रकाशन प्रा. लि. द्वारा प्रकाशित नव तिलोत्तमा दैनिकका लागि अध्यक्षः जनक कोइराला, प्रबन्ध सञ्चालक/सम्पादकः माधव नेपाल, फोन नं. विज्ञापनः ०७१-४३८५७४, समाचार : ०७१-४३८५७५ फ्याक्स नं. ०७१-४३८५७२ कार्यालयः कालिकानगर-१० बुटवल, इमेलः tilottamadainik@gmail.com, मुद्रणः तिलोत्तमा प्रेस, बुटवल रुपन्देही